# त्रिपुरासुन्दरी गाउँपालिका
**Tripurasundari Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
सल्यानटार, धादिङ वागमती प्रदेश,नेपाल
**Salyantar Dhading, Bagmati Province ,Nepal**

**पत्र संख्या(Reference No):२०८३/०८४**
**च.नं.(Dispatch No):**

**मिति(Date):२०८३ /०४ /२१**

श्री सबै विषयगत सहकारी संस्था,
त्रिपुरासुन्दरी गाउँपालिका,धादिङ ।

**विषय : लेखा परिक्षण तथा वार्षिक साधारण सभा सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत कार्यक्षेत्र भएका सबै सहकारी संस्थाहरुले सहकारी ऐन,२०७५ को दफा २८ (२) बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र वार्षिक साधारण सभा बोलाउनु पर्ने व्यवस्था भएको साथै दफा ५४ बमोजिम संस्थाले प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिना भित्र इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराई अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नुपर्ने व्यवस्था भएकोले तपसिल बमोजिम हुने गरि साधारण सभा सम्पन्न गर्नहुन अनुरोध छ ।

- साधारण सभाको जानकारी सम्वन्धी सूचना सदस्यहरुलाई कम्तिमा साधारण सभाको मिति भन्दा २१ दिन अगावै गराउनुहुन ।
- साधारण सभा हुने मिति, स्थान र समय सहितको जानकारी त्रिपुरासुन्दरी गाउँपालिकालाई जानकारी गराउनुहुन।
- साधारण सभाको अध्यक्षता गर्ने व्यक्तिले गणपुरक संख्या (तत्काल कायम सदस्य संख्याको ५१ प्रतिशत) पुगेको एकिन भए पश्चात मात्र सभा संचालन गर्न अनुमति दिनुहुन ।
- सबै सदस्यको सहज पहुँच सुनिश्चितता लागि गाउँपालिका भन्दा बाहिरको स्थानमा साधारण सभा नगर्नुहुन ।
- साधारण सभाको खुल्ला सत्रमा धेरै अतिथि आमन्त्रित गरेर समय खर्च नगरी बढीमा १ घण्टा ३० मिनेट भित्र खुल्ला सत्र समापन गर्नुहुन । बन्द सत्रलाई अन्तरक्रियात्मक रुपमा संचालन गर्दै बढी भन्दा बढी सदस्यहरुको मनोभाव बुझ्नुहुन ।
- साधारण सभामा सहकारीताको भाव झल्किने गीत,नृत्य वाहेक अन्य सांगीतिक प्रस्तुति नगर्नुहुन ।
- दुइ हजार भन्दा बढी सदस्य भएको सहकारी संस्थाले मात्र प्रतिनिधिमुलक साधारण सभा संचालन गर्नुहुन ।
- आर्थिक मन्दी, तरलता संकट लगायतका कारण हाल सदस्य, संचालक समिति र संस्था बिचमा देखिएको अविश्वासको वातावरणको सम्बन्धमा बन्द सत्रमा गहन रुपमा छलफल गरि विश्वासको वातारण कायम गर्नुहुन।

**बोधार्थः**
श्री सूचना तथा प्रविधि शाखाः उल्लेखित सूचना गाउँपालिकाको web site तथा facebook पेजमा अपलोड गर्नुहुन ।
श्री वडा कार्यालयहरु सबै : तहाँ वडाको सूचना पाटीमा सूचना टाँस गर्नुहुन ।

बिर सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner